फिक्कल गाउँ सभाको उन्नाइसौं अधिवेशनमा मिति २०८३ असाढ ०८ गते मंगलबार गाउँपालिका उपाध्यक्ष श्री राजु बरालले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३/०८४ को

## बजेट बक्तव्य

(आय व्ययको अनुमान सहित)

## फिक्कल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## खाङसाङ, सिन्धुली

## बागमती प्रदेश, नेपाल

श्रीमान् गाउँ सभाका अध्यक्ष महोदय,

आज मिति २०८३ साल असार ८ गते म यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले श्रीमान् गाउँ पालिका अध्यक्षज्यूको निर्देशन बमोजिम यस गरीमामय फिक्कल गाउँ सभाको १९ औं अधिवेशनमा गाउँपालिकाले आगामी आर्थिक बर्ष ०८३।०८४ को लागि तय गरेको राजश्व तथा व्ययको अनुमान प्रस्तुत गर्न उभिएको छु। यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका खातिर विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा घटनाहरुमा बलिदानीपूर्ण जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात शहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु।

जनताको सार्वभौम मतबाट विभिन्न पदमा निर्वाचित भई आएका हामी निर्वाचित पदाधिकारीहरुले यस फिक्कल गाउँपालिकामा मितव्ययी, विवेकपूर्ण, प्रभावकारी र जनउत्तरदायी रुपमा स्रोतको परिचालन गर्नुपर्दछ भन्ने मान्यताका साथ बजेट तर्जुमा गरिएकोछ। संविधानले व्यवस्था गरे अनुसारका नागरिकका मौलिक हक र सर्वसाधारणहरुको कल्याणका लागि नागरिकहरुलाई प्रभावकारी सार्वजनिक सेवा प्रवाहमा ध्यान दिइएको छ।

श्रीमान् सभा अध्यक्ष महोदय,
यस सभाका सदस्य ज्यूहरु,
अब म यस फिक्कल गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक गतिविधि तथा वजेट कार्यान्वयनको समिक्षा गर्ने अनुमति चाहन्छु।

स्थानीय तहको दोस्रो निर्वाचन भई आर्थिक बर्ष २०८१।०८२ मा यसै सम्मानित सभाले पारित गरेको बार्षिक कार्यक्रम तथा बजेट हाल कार्यान्वयन भइरहेको परिप्रेक्षमा म चालु आर्थिक बर्षको वार्षिक बजेटको कार्यान्वयनको समीक्षा गर्न चाहन्छु। चालु आर्थिक वर्षमा फिक्कल गाउँपालिकाका लागि संघीय वित्तिय समानीकरण अनुदान रु. ८ करोड ९ लाख, संघीय राजश्व बाँडफाँड रु. ८ करोड ६६ लाख २७ हजार, संघबाट विशेष अनुदान चालु रु. १ करोड ६५ लाख, संघीय सशर्त अनुदान चालु तर्फ रु २३ करोड ९४ लाख र संघीय सशर्त पुँजीगत ६ लाख गरी कूल ४२ करोड ४० लाख २७ हजार विनियोजन भएको छ। यसै गरी चालु आ.व. मा प्रदेशबाट वित्तिय समानीकरण अनुदान रु.७५ लाख ०५ हजार, प्रदेशबाट प्राप्त हुने सवारी साधन कर रु ३ करोड ५९ लाख ७० हजार, प्रदेश सशर्त अनुदान चालु तर्फ २ करोड ३४ लाख १४ हजार र प्रदेश सशर्त पुँजीगत तर्फ रु. ५५ लाख , विशेष अनुदान चालु ६५ लाख, समपुरक अनुदान पुँजीगत २ करोड ५२ लाख गरी कूल १० करोड ४० लाख ८९ हजार र आन्तरिक श्रोत संसोधित (बैंक मौज्दात समेत) समेत ३ करोड ८७ लाख ८३ हजार गरी यस चालु आर्थिक बर्षमा यस गाउँपालिकाको कूल आय रु. ५७ करोड ३७ लाख अनुमान गरी विनियोजन गरिएकोमा संघीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान रकम कटौती र संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड बापतको रकम अनुमान अनुसार निकासा नभएकोले फिक्कल गाउँपालिकाबाट लक्ष्य अनुसारको आय संकलन गर्न नसकि कम बजेट प्राप्त भएको छ। चालु आ.व.मा संघीय राजस्व बाडँफाड बाट रु. ८ करोड ६६ लाख ७० हजार अनुमान गरी बजेट तथा कार्यक्रम विनियोजन गरिएकोमा चालु आ.व.को हाल सम्ममा रु. ७ करोड ४० लाख ८३ हजार मात्र प्राप्त भएको छ त्यसैगरी संघीय सरकार समानीकरण अनुदान रु.८ करोड ९ लाख अनुमान गरिएकोमा हालसम्म रु. ७ करोड ३९ लाख ८३ हजार मात्र प्राप्त भएको छ। प्रदेश राजस्व बाँडफाड (सवारी साधन कर) बाट चालु आ.व.मा रु ३ करोड ५९ लाख ७० हजार अनुमान गरिएकोमा हालसम्म रु. २ करोड ५२ लाख ५९ हजार मात्र प्राप्त भएको छ। आन्तरीक आम्दानी(मौज्दात समेत) तर्फ रु. ३ करोड ८७ लाख ८३ हजार अनुमान गरिएकोमा चालु आ.व. को हाल सम्ममा ३ करोड ६१ लाख ६२ हजार मात्र प्राप्त भएको छ। आन्तरिक आम्दानी समेत लक्ष्य अनुरुप संकलन भएको छैन। गत आ.व.को यथार्थ खर्च, चालु आ.व.को संशोधित अनुमान र आगामी आ.व.को अनुमानित प्रस्तावित बजेट अनुसूचीहरुमा राखिएको छ।

श्रद्धेय सभा अध्यक्ष महोदय,

यस सभाका सदस्य ज्यूहरु,

अब म चालू आर्थिक वर्षमा कार्यान्वयन भएका केही उल्लेखनीय कार्यहरु निम्न वमोजिम भएको व्यहोरा यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

पुर्वाधारः

चालु आर्थिक वर्षमा गाउँपालिकाले आफनै सुविधासम्पन्न प्रशासकीय भवन निर्माण सम्पन्न गरी सोही भवनबाट सेवा प्रवाह सुचारु गरिएको, पूर्वाधार तर्फका संचालित सोखुखोला सालुके भालुभञ्याङ्ग सडक तर्फ २८ सय मिटर नया सडक, ३५० मिटर सोलिंग र ३२ मिटर सडक ढलान गरी २० कि.मि. भित्रको विभिन्न स्थानमा सडक स्तरोन्नती कार्य गरिएको छ, पंचकन्या सोल्पाभन्ज्यांग बाँझागाउँ फिक्कल पर्यटन सडक स्तरोन्नतीको १००० मिटर सोलिंग र १६५ मिटर सडक ढलान गरी १० कि.मि. भित्रमा ग्याभिन जाली स्टोन मेसिन तथा सडक स्तरउन्नती गरिएको छ, जितुखोला सोल्पा भन्ज्यांग देवीटार जाङजाङ सिलुंगे सडक स्तरोन्नतीको जितुखोला सोल्पा भन्ज्यांग खण्डमा ग्याभिन जाली स्टोन मेसिन तथा सडक स्तरउन्नती गरिएको छ, सौभाग्य चोक देखि गाउँपालिकाको कार्यालय सम्मको सडकमा १२५ मिटर ढलान कार्य सम्पन्न भएको, आरुबोट सडक निर्माणमा आरुबोट खण्डको ठुलो पहिरो हटाई स्टोन मेशिनरी वाल लगाई सडक सुचारु गरिएको, मिनि ट्रमा सेन्टर र बान्द्रे कोल्ड स्टोर निर्माण सम्पन्न गरी संचालन अवस्था रहेको, पाथिभरा आरुबोट सिलुंगे खानेपानीबाट रत्नावती सालुकेका करिब १५५ घरधुरीलाई खानेपानी उपलब्ध गराउन १ लाख लिटरको खानेपानी ट्यांकी निर्माण गरिएको, कल्लाघारी बाहुनडाँडा भुजेलटोल खानेपानीबाट करिब ४५ घरधुरीलाई खानेपानी उपलब्ध गराउन २० हजार लिटरको खानेपानी ट्यांकी निर्माण गरिएको, अधुरा रहेको १ नं. र ४ नं. वडा कार्यालय मर्मत कार्य सम्पन्न हुने चरणमा रहेको, गाउँपालिका भित्र रहेका विभिन्न खानेपानी योजनाको लागि पाईप खरिद बितरण गरिएको र विभिन्न खानेपानी योजनाहरु मर्मत कार्य सम्पन्न गरिएको, गाउँपालिका भित्र रहेका विभिन्न सडकहरुको मोड सुधार, ग्रेड सुधार, रिटेनिङ वाल, नाला व्यवस्थापन गरी सडक संचालनमा रहेका छ ।

विद्युतः

फिक्कल गाउँपालिकामा सम्पूर्ण वडाहरुमा केही ठाउँ बाहेक सबै बस्तिहरुमा केन्द्रीय विद्युत प्रसारण लाइन सुचारु भएको छ । आगामी आर्थिक बर्षमा शतप्रतिसत विद्युत आपूर्ति भई उज्यालो फिक्कलको लक्ष्य पुरा हुनेछ ।

शिक्षाः

फिक्कल गाउँपालिकालाई निशुल्क तथा अनिवार्य शिक्षा घोषणा गरिएको ।

फिक्कल गाउँपालिकाकव गाउँ शिक्षा योजना यसै आ.व.मा तर्जुमा गरिएको ।

शिक्षा क्षेत्रको कार्यहरु नियमित सुचारु गर्न शैक्षिक क्यालेन्डर निर्माण गरी कार्यन्वयन गरिएको छ । गाउँपालिका भित्रका विद्यालयहरुमा शैक्षिक पद्धतिको अवस्था बुझ्न समय समयमा अनुगमन गरिएको छ।

सामुदायिक विद्यालयको वार्षिक परिक्षालाई व्यवस्थित गरी परिक्षामा एकरुपता ल्याउन पालिका स्तरीय रुपमा प्रश्नपत्र निर्माण गरी परिक्षा सञ्चालन गरिएको छ ।

गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुबीच राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिएको छ ।

स्थानीय पाठ्यक्रम परिमार्जन गरि पोषणमैत्री तथा बालमैत्री स्थानीय शासन विषय थप गरि कार्यन्वयन गरिएको, सबै विद्यालयको संस्थागत क्षमता विकास, विद्यार्थी परिक्षण मुल्याङ्कन सिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षणमा एकिकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज तालिम गरियो ।

पार्वती सुनुवार
सभाध्यक्ष

स्वास्थ्यः

फिक्कल अस्पतालको सबै संरचना निर्माण गरी आधारभूत स्वास्थ्य सेवाको सुचारु गरि डिजिटल एक्सरे सेवा र स्वास्थ्य बिमा कार्यक्रम लागु गरिएको । विभिन्न रोगहरुको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिएको छ । फिक्कल अस्पताल र सबै स्वास्थ्य चौकीमा बाहै महिना गर्भवती महिलाहरुका लागि निःशुल्क सेवा प्रदान गरिदै आएको छ । फिक्कल अस्पताल, सुम्नामपोखरी स्वास्थ्य चौकी र स्वास्थ्य चौकी सोल्पाठानालाई पोषणमैत्री स्वास्थ्य संस्था भएको छ साथै स्वास्थ्य चौकी महादेवडाँडा, खाङसाङ र रत्नावतीलाई यसै आ.व.मा पोषणमैत्री स्वास्थ्य संस्था गरिनेछ। गत आर्थिक बर्षको कार्यसम्पादन मुल्यांकन तथा स्वास्थ्यबाट प्रवाह हुने सेवाहरुको सुचकको आधारमा सिन्धुलि जिल्ला भित्र रहेका स्थानीय तहहरु मध्ये उत्कृष्ट भएको छ ।

फिक्कल गाउँपालिका ३ नं. वडालाई पोषणमैत्री वडा घोषणा गरिएको र ५ नं. वडालाई चालु आ.व. भित्रै पोषणमैत्री वडा घोषणाको गर्ने गरी कार्यहरु संचालनमा भइरहेको ।

चालु आ.व. मा सम्पूर्ण बालबालिकाहरुलाई पूर्ण खोप लागई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको, स्वास्थ्य सरसफाई प्रवर्द्धन गरिएको छ ।

चालु आ.व. मा बर्थिङ सेन्टरहरुबाट जेठ मसान्त सम्म ६८ जना गर्भवती महिलाहरुलाई निःशुल्क प्रसुति सेवा दिनुका साथै जटिलता उत्पत्र भएका गर्भवती महिलाहरुलाई प्रेषणका आधारमा विभित्र अस्पतालमा लैजान ५० प्रतिशत सम्म छुटमा एम्बुलेन्स सेवा प्रदान गरिएको छ । प्रजनन स्वास्थ्य शिविर फिक्कल गाउँपालिकाको ६ वटै वडामा निशुल्क औषधी उपचारका साथै अस्पताल सँगको साझेदारीमा ९ जना महिलाहरुको निःशुल्क सल्यक्रिया गरिएको, गर्भवती महिलाको लागि भिडियो एक्स रे सेवा प्रदान गरिएको छ । फिक्कल गाउँपालिका ६ वटै स्वास्थ्य चौकीमा मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम नियमित रुपमा गरिएको छ ।

६ महिना देखि ५ वर्षसम्मका बालबालिकाहरुको पोषण स्थिति मापन गर्न पोषण लेखाजोखा गरी कुपोषित बालबालिकाहरुलाई उपचार गरी बालबालिकाको स्वास्थ्य सुधार गरिएको छ ।

पाठेघरको मुखको क्यानसर विरुद्ध विद्यालयमा अध्ययरत कक्षा ६ का छात्राहरु र विद्यालय बाहिर रहेका १० वर्षका किशोरीहरुलाई खोप अभियान कार्यक्रम सम्पन्न गरिएको उक्त कार्यक्रममा १०० प्रतिशत प्रगति हासिल गरिएको छ ।

विद्यालयमा १० देखि १९ वर्षका किशोरीहरुको रक्त अल्पताको अवस्थामा सुधार गर्नको लागि आइरन फोलिक एसिड खुवाउने कार्यक्रम गरिएको छ ।

फिक्कल अस्पतालको प्राविधि सहयोगमा गाउँलिकाको छ वटै वडाका १४ स्थानमा एकिकृत स्वास्थ्य शिविर संचालन गरिएको ।

भक्तपुर क्यान्सर अस्पतालको साझेदारीमा पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सर पहिचान शिविर संचालन गरिएको ।

गाउँपालिकाभित्रका आधारभूत तहका विद्यार्थीहरुको स्वास्थ्य परिक्षण गरिनुका साथै स्वास्थ्य शिक्षा दिइएको छ ।

**खेलकूद तथा पर्यटन**

फिक्कल गाउँपालिका अध्यक्ष कप, खुल्ला पुरुष फुटवल तथा खुल्ला महिला फुटबल प्रतियोगिता डाँडागाउँ खेलमैदानमा संचालन गरिएको छ। पौती खेलमैदानमा उपाध्यक्ष कप भलिवल प्रतियोगित सम्पन्न गरिएको छ। राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ। जसमा जिल्लास्तरमा ६ स्वर्ण ६ रजत र ६ कास्य सहित तेस्रो स्थान हासिल भएको। सुनकोशी मा.वि.को खेल मैदानमा दोस्रो शिखर ढकाल कप राष्ट्रिय स्तरको रग्बी प्रतियोगिता सम्पन्न गरिएको।

पर्यटन प्रवर्धनका लागि चनौटेमा फिक्कल अल्ट्रा म्याराथुन दौड सहितको फिक्कल सांकृतिक मेला संचालन गरियो।

**कृषि तथा पशु**

चालु आ.व.मा केही छुट भएका बाहेक सबै किसानलाई किसान सूचीकरण गरिएको छ। आगामी आ व मा परिचयपत्र वितरण र छुट भएकालाई सूचीकरण गरि पुर्णता दिईने छ। कृषकहरुका लागि आवश्यक सिजन अनुसारको रोग किरा नियन्त्रणका लागि किटनासक औषधी वितरण गरिनु साथै जैविक मल विषादी बनाउने तालिम सञ्चालन गरिएको छ। एक वडा एक उत्पादन अन्तर्गत वडा नं. ५ मा तरकारी खेती र वडा नं. १ मा बाख्रा पालन कार्यक्रम संचालन गरिएको छ। वडा नं. ६ मा बाख्रा पकेट कार्यक्रमलाई निरन्तरता दिई संचालन गरिएको छ। व्यवस्थित र सरसाफाईयुक्त पशुपालन गर्नको लागि सुधारीएको खोर गोठ कार्यक्रम मार्फत किसानलाई अनुदान दिई ४०० घर धुरीले सुधारीएको खोर गोठ निर्माण गरिएको, नश्ल सुधार कार्यक्रम मार्फत हाल सम्म ९३ वटा पशुमा सफल कृत्रिम गर्भधान कार्य गरियो। कृषि तथा पशुधन बिमा सुचारु गरिएको र कृषि यान्त्रीकरण कार्यक्रम अन्तर्गत ५१ जना कृषकहररुलाई मिनि टिलर बितरण कार्य सम्पन्न गरिएको।

**सीप विकास तथा सामाजिक सुरक्षाः**

सीप विकास तर्फ बाटेको धुप, ढाका बुनाई, बेसार र अदुवा खेती तथा प्रसोधन, सिलाई कटाई, झोल साबुन बनाउने तालिम लगायतका उद्यमशिलता विकास सम्बन्धी तालिम सञ्चालन भएका छन।

सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज बनाउन वडा वडामा बैंक तथा एम.आई.एस. शाखाका टोली खटाई सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज बनाइएको छ।

सामाजिक सुरक्षा भत्ता बायोमेट्रिक प्रणालीद्धारा लाभग्राही प्रमाणीकरण तथा नविकरण कार्य संचालन गरिएको छ।

व्यक्तिगत घटना दर्ता घुम्ति शिविर सेवा प्रमाणलीद्धारा टोल बस्ती स्तर सम्म विस्तार गरि संचालन भएको छ।

**सेवा प्रवाहः**

गाउँपालिकाको विगत बर्षदेखिको अद्यावधिक बेरुजु रकम रु ११ करोडबाट घटाई रु ५ करोडको आकारमा झारिएको।

नागरिकता सिफारिश सेवालाई अनलाइन मार्फत गर्ने व्यवस्था सुरु गरिएको।

करदाता सेवा संचालन गरिएको।

सेवा प्रवाहलाई पारदर्शिता बनाउन नियमित सार्वजनिक सुनुवाई गरिएको।

नापी शाखा स्थापना गरी जग्गा नाँप जाँच सेवा सुचारु गरिएको।

भू सेवा केन्द्र संचालनको लागि अनुमति लिइएको।

वडागत योजनाहरु वडास्तरमा नै गई सम्झौता गरिएको।

शाखा प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी एकिकृत कार्य योजना बनाई कार्यान्वियन गरिएको।

गाउँपालिका भिलेज प्रोफाइल निर्माण गरिएको।

जग्गा बर्गिकरण कार्य सम्पन्न गरिएको।

**श्रद्धेय सभा अध्यक्ष महोदय,**

**यस सभाका सदस्य ज्यूहरु,**

फिक्कल गाउँपालिकाले आफ्नो चौतर्फी विकासमा धेरै चुनौती एवं समस्याहरु पार गर्दै गाउँपालिकाको सर्वपक्षीय विकासमा यथाशक्य रुपमा अगाडी बढिरहेका छौं । तथापि भौगोलिक विविधता, हावापानी, सांस्कृतिक एवं सामाजिक विविधताका दृष्टिले यस गाउँपालिका धनी सावित देखिए पनि विकास निर्माणमा पिछडिएको र विकास निर्माणका कार्य सवै वस्ती र समाजमा समानुपाति हिसाबले पुऱ्याउन सहज छैन । यिनै विविध परिस्थितिका माझमा फिक्कल गाउँपालिकाले निम्न चुनौतीको सामना गर्दै विकास निर्माणमा अगाडि बढ्नु परेको छ ।

क. फिक्कल गाउँपालिकामा सीमित बजेट बाट असीमित विकासका आवश्यकताहरु पूरा गर्नुपर्ने बाध्यता रहेको छ । संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण तथा अनुदानमा समेत कटौती हुने गरेको छ ।

ख. फिक्कल गाउँपालिकामा विकासका पुर्वाधारहरु तथा सडक सञ्जालहरु कच्ची हुनु । स्थानीय कृषिजन्य उत्पादनहरुको बजार विस्तार हुन नसक्नु, कृषिजन्य जमिनहरु बाँझो छोड्ने क्रम बढ्नु ।

ग. गाउँघरमा युवा जनशक्तिहरु विदेशिने र बाहिरिने क्रमले गाउँघरमा युवा जनशक्तिको अभाव हुनु/देखिनु ।

घ. पर्यटकीय विकासका लागि पर्याप्त पुर्वाधार नहुनु, गाउँपालिकामा भएका पुर्वाधार तथा संरचनाहरुको प्रभावकारी उपयोग हुन नसक्नु, सूचना तथा सञ्चारको उपलब्धता गुणस्तरीय र सहज नहुनु ।

ङ. स्थानीय स्तरमा पर्याप्त मात्रामा स्वरोजगारका क्षेत्रहरु नहुनु, आन्तरिक रोजगारीका क्षेत्रहरु विकास नहुनाले पर्याप्त रोजगारी सिर्जना हुन नसक्नु ।

च. जल, जंगल, जमिन र जडिबुटी आदि प्राकृतिक सम्पदा एवं मानव संसाधनको उपयोग र परिचालन सही तरिकाले हुन नसक्नु, जडीबुटी ढुंगा, रोडा, गिट्टी लगायतका प्राकृतिक स्रोतहरुको चोरी पैठारी नियन्त्रण गरी पर्याप्त मात्रामा उपयोग गर्न नसक्नाले मानव संशाधनको उचित व्यवस्थापन र संरक्षण गर्न, गराउन समेत चुनौतीपूर्ण रहेको छ ।

यी विविध चुनौती र समस्याका वावजुद पनि समयानुकूल र सामाजिक चेतनाको परिवर्तनसँगै यी सवै चुनौतीहरुको सामना गर्दै अगाडि बढ्न सक्ने क्षमता रहेको हुँदा फिक्कल गाउँपालिका सर्वपक्षीय सहकार्यका साथ फिक्कलबासीको क्षमताको उपयोग गर्दै अघि बढ्न दृढ संकल्पित छ ।

**श्रद्धेय सभा अध्यक्ष महोदय,**

**यस सभाका सदस्य ज्यूहरु,**

आगामी आर्थिक वर्षका लागि वजेट तर्जुमा गर्दा देहाय बमोजिमका आधारहरु लिइएको छ ।

- नेपालको संविधानले परिलक्षित गरेका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम,
- नेपाल सरकारको चालु पञ्चबर्षीय योजनाले निर्धारण गरेका लक्ष्य रणनीति तथा प्राथमिकताहरु,
- दिगो विकासका लक्ष्यले निर्धारण गरेका प्रमुख क्षेत्रहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेका व्यवस्थाहरु,
- फिक्कल गाउँपालिकाको आवधिक विकास योजनाले तय गरेका आधारहरु
- स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७८ ले गरेका व्यवस्थाहरु
- नेपाल सरकारका क्षेत्रगत नीतिहरु,
- नेपाल सरकार भुमी ब्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय समयमा प्राप्त मार्गदर्शन तथा निर्देशनहरु,
- प्रदेश सरकारले तय गरेको बार्षिक नीति तथा कार्यक्रम

फिक्कल गाउँपालिका
गाउँसभाको सचिवालय
सिन्धुली

पार्वती सुनुवार
सभाध्यक्ष

- प्रदेश सरकारका विषय क्षेत्रगत नीतिहरु तथा योजनाहरु
- राजनैतिक दलहरु, विषयगत कार्यालय, गै.स.स., नीजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रकृयाद्धारा प्राथमिकीकरणमा परेका योजनाहरु,
- फिक्कल गाउँपालिकाको दोस्रो आवधिक योजना
- फिक्कल गाउँपालिकाको बजेट तर्जुमा मार्गदर्शन २०८३
- वडाबाट प्राप्त तथ्यांक एवं सूचनाहरु, आदि।

**श्रद्धेय अध्यक्ष महोदय,**
**यस सभाका सदस्य ज्यूहरु,**
अब म फिक्कल गाउँपालिकाको दीगो विकासका लागि " फिक्कल समृद्धिको मुल आधार कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार" भन्ने मुल लक्ष्यलाई निरन्तर रुपमा अगाडी बढाउन यस सम्मानित सभा समक्ष प्रस्तुत वजेटका आधारभूत सोच, उद्देश्य, प्राथिमिकताहरु देहाय अनुसार रहेको जानकारी गराउन चाहन्छु।

आधारभूत सोचहरु, पारदर्शी, जनसहभागितामूलक र जनउत्तरदायी विकास प्रशासन मार्फत आन्तरिक क्षमताको विकास गर्दै भौतिक पूर्वाधार, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको विकास गरी फिक्कलको समृद्ध भविष्य तय गर्ने यस बजेटको आधारभूत सोच रहेको छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**
**यस सभाका सदस्यहरु,**
उपरोक्त आधारभूत सोच पुरा गर्न आगामी आर्थिक वर्षका लागि प्रस्तुत वजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

**उद्देश्यहरु**

क. संविधानको कार्यान्वयनमा नेपाल सरकारलाई सहयोग गर्ने,
ख. भौतिक पूर्वाधारको निर्माण तथा नागरिकको क्षमता अभिवृद्धि मार्फत रोजगारीका अवसरहरु वृद्धि गर्दै आर्थिक समता कायम गर्ने,
ग. पर्यापर्यटनको संभावनालाई सदुपयोग गरी आर्थिक विकासलाई बढावा दिने,
घ. फिक्कल गाउँपालिकाको चौतर्फी विकासका लागि सरकारी श्रोत साधनको समुचित उपयोग र परिचालनलाई प्रभावकारी बनाउने,
ङ. गाउँकार्यपालिका अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवामा आम नागरिकको पहुँचलाई सहज बनाउने,
च. विकासका सेवा प्रवाहबाट नागरिकहरुलाई सरकारको अनुभूति गराउने,
छ. विकासका हरेक क्रियाकलापमा नागरिकको सहभागितालाई सुनिश्चित गरी नागरिकको क्षमता विकास र श्रोतको उच्चत्तम उपयोगलाई सुनिश्चित गर्ने।

उल्लेखित सोच र उद्देश्य अनुरुपको उपलब्धी हासिल गर्न बजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ।

**प्राथमिकताहरु**

पार्वती सुनुवार
सभाध्यक्ष

- भौतिक तथा आर्थिक पूर्वाधारको विकास,
- शिक्षा, स्वास्थ्य, खानेपानी, तथा सरसफाईमा लगानी वृद्धि गरी सामाजिक क्षेत्रको विकास,
- सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीबाट उद्योग र पर्यटन क्षेत्रको विकास र प्रवर्धन,
- कृषि क्षेत्रको व्यवसायीकरण, विविधिकरण र यान्त्रिकीकरण गर्ने,
- रोजगारमूलक समावेशी आर्थिक विकास गर्ने,
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सुशासन,
- बालमैत्री र पोषण मैत्री स्थानीय शासन,
- वन, वातावरणको संरक्षण र सदुपयोग तथा जलवायु परिवर्तनलाई न्यूनीकरण गर्ने,
- मानव अधिकार, एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्तिको सशक्तिकरण।
- गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको प्रत्याभूत गराउने।

**श्रद्धेय अध्यक्ष महोदय,**
**यस सभाका सदस्य .ज्यूहरु,**
अव म यिनै उद्देश्य, चुनौती र प्राथमिकताका आधारमा फिक्कल गाउँपालिकाको आ.व २०८३।०८४ को लागि तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**विनियोजित बजेट तथा कार्यक्रमहरुः**

आगामी आ.व. २०८३/०८४ मा संघीय अनुदान तर्फ वित्तीय समानीकरणमा रु. ८ करोड २७ लाख, सशर्त अनुदान चालु तर्फ रु. २६ करोड ०१ लाख, सशर्त अनुदान पुँजीगत तर्फ रु. ५५ लाख, संघीय विशेष अनुदान चालु रु. १ करोड , संघीय समपुरक अनुदान २ करोड ४२ लाख र राजश्व बाँडफाडबाट अनुमानित रु. ८ करोड ९९ लाख ३३ हजार तथा प्रदेश सरकारबाट वित्तीय समानीकरणमा रु. ६८ लाख ८७ हजार र सवारी साधन करको बाँडफाडबाट अनुमानित रु. ३ करोड ६८ लाख ५६ हजार, प्रदेश समपुरक अनुदान २ करोड ८० लाख, प्रदेश विशेष अनुदान तर्फ ७० लाख, प्रदेश सशर्त अनुदान चालु तर्फ १ करोड १६ लाख ५० हजार, प्रदेश सशर्त पुँजीगत तर्फ रु. ४० लाख र आन्तरिक आम्दानी(स्थानीय राजश्व बाँडफाँड र बैंक मौज्दात समेत) अनुमानित रु. ३ करोड ८९ लाख २४ हजार गरी अनुमानित कूल रकम रु ६१ करोड प्राप्त हुने अनुमान रहेको छ।

फिक्कल गाउँपालिकाको आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न, दीगो विकासका लक्ष्यहरु हासिल गर्न र संमृद्ध फिक्कल गाउँपालिकाका लागि देहाय बमोजिम बजेट विनियोजन गरेको छु। संघ, प्रदेश र स्थानीय तह गरि चालु तर्फ ४८ करोड र पुँजीगत १३ करोड विनियोजन गरेको छु।

**श्रद्धेय अध्यक्ष महोदय,**

**यस सभाका सदस्य .ज्यूहरु,**

१. नेपाल सरकारको समपुरक अनुदानबाट गाउँपालिकाको लागत साझेदारीमा बहुबर्षिय योजनाको रुपमा स्वीकृत भएको बहादुरा खोला महन्टार ढोडेनी सडक निर्माणको लागि जम्मा स्वीकृत भएको रकम रु ७ करोडमा चालु आर्थिक बर्षको लागि रु १ करोड त्रीचालिस लाख बजेट बिनियोजन गरेको छु।

गाउँसभाको सचिवालय सिन्धुली

२. नेपाल सरकारको साझेदारीमा संचालन हुने लुम्ती चनौटे महादेवडाँडा सडक स्तरोन्नतीको लागि रु. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु।

३. बागमती प्रदेशको साझेदारीमा संचालन हुने सोल्पा भन्ज्यांग-सिलिंगे-कोल्बोट सडक स्तरोन्नति वडा ५ र ६ नं को लागि रु २ करोड र संगमचोक खाङसाङ सडक स्तरोन्नती फिक्कल ४ को लागि रु २ करोड विनियोजन गरेको छु।

४. बागमती प्रदेशको सरकारको विषेश अनुदानमा संचालन हुने गैरी सिंचाई कुलो निर्माण फिक्कल ६ को लागि रु ७० लाख विनियोजन गरेको छु।

५. झगरे लिफ्ट सिंचाई आयोजना सम्पन्न गरी संचालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६. **शिक्षा तर्फ** शैक्षिक क्यालेन्डर निर्माण, गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरु बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता लाई र गाउँपालिका अनुदानका शिक्षक र कर्मचारीहरुको तलब भत्ता लगायतका सुविधाहरु भुक्तानीका लागि (रु ३ करोड ७५ लाख), वालविकास विद्यार्थीहरुको लागि खाजा व्यवस्थापन अनुदान (२ लाख ) र प्र. अ., शिक्षा समिति वैठक व्यवस्थापन तथा परीक्षा संचालन खर्च(रु १० लाख ) विनियोजन गरेको छु। बालबिकास केन्द्रका सहजकर्ताहरु र विद्यालय कर्मचारीहरुलाई सरकारले तोकेको न्युनतम ज्याला रकम प्राप्त गर्ने गरी आवश्यक बजेट बिनियोजन गरेको छु।

७. एस. ई. ई. परीक्षामा उच्चतम अङ्क र शत प्रतिशत नतिजा हासिल गर्न विद्यालयहरुलाई पोत्साहन गर्न पुरस्कार कार्यक्रमको लागि आवश्यक वजेट विनियोजन गरेको छु साथै माध्यमिक तहमा दिवा आवसीय कार्यक्रमको लागि रु ६ लाख ५० हजार वजेट विनियोजन गरेको छु।

८. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई विज्ञान, सूचना तथा संचार प्रविधि प्रयोग मार्फत नवप्रवर्तन र श्रृजनशिलता विकासको लागि अन्तर विद्यालय विज्ञान प्रदर्शनी कार्यक्रमको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

९. **युवा तथा खेलकुद तर्फ** खेलकुदलाई थप प्रर्वद्धन पोत्साहन प्रतिष्पर्धी र सक्षम खेलाडि उत्पादन सहित खेलकुद मार्फत गाउँपालिकाको पहिचान स्थापित गराउने उदेश्यले गाउँपालिका स्तरीय अध्यक्ष कप प्रतियोगिता( रु ५ लाख ), उपाध्यक्ष कप प्रतियोगिताको लागि ५ लाख, जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड कार्यक्रम पालिका जिल्ला र प्रदेशस्तरीय (रु. १५ लाख) विनियोजन गरेको छु ।

१०. **महिला बालवालवालिका तथा समाज कल्याण तर्फ** बालमैत्री घोषणा कार्यक्रम ( ५ लाख) बालविवाह अन्त्य, जुम्ल्याहा तिम्ल्याहा बालबालिकाको लागि पोषण भत्ता, १६ दिने महिला हिंसा विरुद्धको अन्त्यको लागि दिवस मनाउने खर्च, जेष्ठ नागरिक सम्मान कार्यक्रम , आमा बुबा विहिन/ टुहुरा जोखिम युक्त बाल संरक्षण कार्यक्रम निरन्तरताको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

११. स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी र सबै नागरिकको पहुँच सुनिश्चित गराउन विपन्न नागरिकलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२. बालबालिकालाई बचत गर्ने बानीको विकास गर्नको लागि १८ वर्ष उमेर नपुगेसम्मका बालबालिकालाई गाउँपालिकाले खाता खोली दैनिक रु. १ बचत गर्नको लागि रु. १५ लाख आवश्यक बजेट विनियोजन गरेको छु।

१३. संघ तथा प्रदेश सरकार संगको साझेदारीमा निर्माण हुने विभित्र झोलुङगे पुलहरुको लागि रु. ७ लाख रकम विनियोजन गरेको छु।

१४. फिक्कल गाउँपालिकाका कृषकहरुबाट उत्पादित कृषिजन्य वस्तुहरुको भण्डारण गरी उत्पादित वस्तु तथा थोक बजारीकरण गर्न निर्माण भएको शित भण्डार पुर्ण रुपमा सम्पन्न गरी संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१५. कृषि तथा पशुपंक्षीको क्षेत्रमा संघ संस्थाहरुसँग साझेदारीमा कार्यक्रमहरु संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१६. कृषि तथा पशुपंक्षी क्षेत्रमा प्रदेश सरकारसँग लागत साझेदारीमा एक वडा एक उत्पादन कार्यक्रमको लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु।

१७.तुलनात्मक लाभ लिन सकिने नगदे वालि तथा फलफुलका बेर्ना उत्पादन गरि वितरणको लागि नर्सरी संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१८.पशुपालन गर्ने कृषकहरुको लागि पशुस्वास्थ्य सम्बन्धी औषधि खरीदका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९.बाख्रा पकेट कार्यक्रम निरन्तरताको लागि आवश्यक बजेट विनियोन गरेको छु।

२०. पशु पक्षीहरुमा नश्ल सुधार मार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धिको लागि कृतिम गर्भाधान कार्यक्रम निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२१. प्राङ्गरिक उत्पादनलाई पोत्साहन गर्न जैविक मल बनाउन सिप विकास मार्फत आवश्यक वजेट विनियोजन गरेको छु।

२२. पशु पालन कार्यलाई थप व्यवस्थित गर्न र पशु मलमुत्रलाई सहि रुपमा सदुपयोग गर्न एक घर एक गोठ सुधार कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२३. पशुपक्षी ल्यावलाई स्थापना र व्यवस्था गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

२४. पोषणमैत्री स्थानीय शासन गाउँपालिका घोषणाको लागि पालिकाको लागत साझेदारी बापत रु. १० लाख बजेट विनियोजन गरेको छु।

२५. गाउँपालिकामा सीप विकास र उद्यमशिलता विकास गरि गरिबी न्युनीकरण र रोजगारी सृजना गर्नको लागि संघीय सरकारको साझेदारिमा लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि रु. ११ लाख विनियोजन गरिएको छु।

२६. नागरिकहरुको घरदैलोमा सरकारको अनुभुति दिलाउन स्थानीय सरकारबाट प्रवाह हुने सेवालाई सहज रुपमा नागरिकको पहुँचमा पुर्याउन एकीकृत घुम्ति सेवा संचालनको लागि रु ५ लाख विनियोजन गरेको छु।

२७. प्राकृतिक तथा मानवीय कारणले सृजना हुने विपदलाई न्यूनीकरण गर्न विपद व्यवस्थापन पुर्वतयारी, विपद प्रतिकार्य, विपद पुनर्लाभ कार्यलाई व्यवस्थित गर्न बजेट विनियोजन गरेको छु।

२८.प्राकृतिक स्रोतको संरक्षण, सिमसार क्षेत्रको विकास गर्नको लागि समुदायको परिचालन मार्फत टोल स्तरीय जलभरण पोखरीहरुको निर्माण तथा वर्षातको पानी संकलनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२९.संघीय व्यवस्था अनुकुल संगठन तथा कर्मचारीको क्षमता विकास गर्न सबै कर्मचारीहरुलाई आधुनिक प्रविधिमैत्री सेवा प्रवाहमा प्रभावकारिता ल्याउनका लागि कर्मचारीको तालिमको व्यवस्थाको लागि रु ५ लाख विनियोजन गरेको छु।

३०. गाउँपालिकाबाट लिइने कर तथा गैर कर राजश्वका दरहरु निर्धारण गर्दा करदाताले कर तिर्न सक्ने क्षमता, उपयुक्तता, करको असुली जस्ता विषयलाई ध्यान दिइएको छ।

३१. स्थानीय आर्थिक संरचनाको रुपमा सहकारीको गुणात्मक विकासको लागि स्थानिय सम्भावनाको उपयोग बाट गरिवी निवारण सामाजिक समावेशीता, स्वाबलम्बन र संस्कृतिका विस्तार गर्न सहकारीको क्षमता विकासको लागि रु ५ लाख विनियोजन गरेको छु।

३२. परम्परागत रुपमा निर्वाहमुखी खेति प्रणालिको अवलम्बन गरिदै आएकोमा कृषि विकासको लागि प्रतिफल मुखी र नाफामुखी बनाउन कृषि उत्पादनमा अनुदानको लागि आवश्यक वजेटको विनियोजन गरेको छु।

३३.सुनौला हजार दिनको महिला किशोरी तथा बालबालिकाको पोषण अवस्था सुधार गर्ने लक्ष्य सहित नेपाल सरकारबाट बहुक्षेत्रीय पोषण योजना अन्तर्गत स्थानीय तह पोषणको अवस्था सुधार गरी आगामी बर्ष पोषण मैत्री गाउँपालिका घोषणा गर्नका लागि रु १ करोड १८ लाख विनियोजन गरेको छु।

३४. मुलुकभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तीको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउने तथा सबैका लागि न्युनतम रोजगारी सुनिश्चत गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उदेश्यले संघ, प्रदेश र स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रमको संचालन गर्न रु. २० लाख ९४ हजार विनियोजन गरेको छु ।

३५. सबै वडाहरुमा बस्तिस्तरबाट माग भई तर्जुमा भएको विभिन्न योजनाहरुको कार्यान्वयन गर्नको लागि रु. १ करोड ८० लाख बजेट विनियोजन गरेको छु ।

३६. गाउँपालिका कार्यालयमा कार्यरत स्थायी तथा करार सेवाका कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको तलब भत्ता लगायतका सुविधाहरु उपलब्ध गराइनेछ र सो को लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

**श्रीमान् अध्यक्ष महोदय,**

अन्त्यमा, फिक्कल गाउँपालिकाको आर्थिक बर्ष २०८३/८४ को बार्षिक कार्यक्रम तथा राजश्व र व्ययको अनुमान (बजेट) यस गरिमामय गाउँसभामा प्रस्तुत गर्ने जिम्मेवारी प्रदान गर्नुभएकोमा गाउँपालिका अध्यक्षज्यू एवं गाउँकार्यपालिका तथा कर्मचारी प्रति धन्यवाद दिंदै यस गरिमामय गाउँसभामा सहभागी हुने सबै गाउँ सभा सदस्यज्यूहरुप्रति सादर धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद, जय फिक्कल ।**